
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २१ गते बिहीबार ❑ 5 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## राजनीतिक नेतृत्व कर्तव्यनिष्ठ हुनुपर्छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले राजनीति नेतृत्व र कर्मचारी वर्ग इमान्दार एवं कर्तव्यनिष्ठ हुनुपर्नेमा जोड दिनुभएको छ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (जिपिटिए) द्वारा सञ्चालित कर्मचारी सेवाकालिन तालिमको बुधबारआयोजित समापन समारोहमा उहाँले राजनीतिक नेतृत्व र कर्मचारी वर्गको इमान्दारिता एवं कर्तव्यनिष्ठताले नागरिकका धेरै अपेक्षा पूरा हुने बताउनुभयो । परिवर्तनको अनभूति नागरिकलाई दिलाउन निरन्तर मेहनत गर्नुपर्ने उहाँको भनाइ छ । राजनीतिक नेतृत्वले लिएको सिद्धान्तलाई कार्यान्वयन गर्न कर्मचारीतन्त्र लाग्नुपर्नेमा जोड दिँदै उहाँले निजामती कर्मचारी कुनै पनि शासन व्यवस्थाको ऐना हो भन्नुभयो।

सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनकै लागि गण्डकी प्रदेश सरकारले कर्मचारीका लागि नियमितरुपमा तालिम सञ्चालन गरेको मुख्यमन्त्री पोखरेलले बताउनुभयो।सङ्घीयताकार्यान्वयनका सिलसिलमा केन्द्र सरकारसँग धेरै विमति रहेको उल्लेख गर्दै उहाँले प्रहरी समायोजनमा विलम्ब, निजामती कर्मचारी ऐन ल्याउन आलटाल गरेर प्रदेशलाई कमजोर बनाउन खोजिएको बताउनुभयो।

मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोला, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव रामप्रसाद आचार्यलगायतले तालिमबाट वृत्ति विकासका साथै व्यक्तिगत क्षमतामा समेत सुधार हुने विश्वास व्यक्त गर्नुभयो।

प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले अधिकृतस्तरका कर्मचारीका लागि थालेको ३० दिने तालिममा कार्यालय सञ्चालन तथा व्यवस्थापनका बारेमा सैद्धान्तिक व्यवहारिक पक्षका विषयमा प्रशिक्षण दिइएको बताउनुभयो।

कर्मचारीको ज्येष्ठता, प्रदेश र स्थानीय तहमा समायोजन भएको मितिलगायत विषयलाई आधार मानी तयार पारिएको मापदण्डअनुसार कर्मचारी छनोट गरिएको उहाँले जानकारी दिनुभयो । तालिमका लागि पाँच सयभन्दा बढी इच्छुक रहे पनि ६० जना छनोटमा परेको र ५६ जना तालिममा सहभागी भएको उक्त अवसरमा जानकारी गराइयो।

## सरकारमा सहभागिताबारे निर्णय लिन हतार छैन : अध्यक्ष नेपाल

**रासस**
**काठमाडौं, २० पुस**

पूर्वप्रधानमन्त्री तथा नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले सरकारमा आफ्नो पार्टीको सहभागिताबारे निर्णय लिन हतार नगर्ने बताउनुभएको छ।

पार्टीको भ्रातृ सङ्गठन युवा सङ्घ नेपाल काठमाडौं जिल्ला कमिटीले बुधबार आयोजना गरेको कार्यक्रममा उहाँले अहिले राजनीतिक 'पिक्चर' नै 'क्लिएर' नभएकाले आफ्नो पार्टीको पोलिटब्युरो बैठकले सरकारमा जाने/नजानेबारे निर्णय नलिएको बताउनुभयो। उहाँले भन्नुभयो, "वर्तमान राजनीतिक दृश्य प्रष्ट त हुनुपर्‍यो नि ?' अहिलेसम्म हामीले यो सरकारले कस्तो नीति र कार्यक्रम लिन्छ भन्ने कुरा हेर्नै पाएका छैनौँ, सबै स्पष्ट भएपछि निर्णय लिन्छौँ।" यही पुस २६ गते सरकारले विश्वासको मत लिने भएकाले त्यसअघि सरकारमा आफ्नो पार्टीको सहभागिताबारे निर्णय लिन हतार नगर्ने र पार्टीको आधिकारिक कमिटीले निर्णय गर्ने उहाँको भनाइ थियो।

यसैगरी उहाँले आफ्नो पार्टी सरकारमा जानका लागि मरिहत्ते गर्ने पक्षमा नरहेको पनि बताउनुभयो । अध्यक्ष नेपालले पार्टीका सांसदलाई दलको ह्विप लाग्ने भन्दै सचेतसमेत गराउनुभयो । उहाँले राष्ट्रिय मान्यता नपाएका दलले पनि पार्टीका सांसदलाई ह्विप लगाउन पाउने कानुनी र संवैधानिक व्यवस्था रहेको जिकिरसमेत गर्नुभयो।

## चिसोमा सुरक्षित रहन प्रशासनको आग्रह

**रासस**
**मनाङ, २० पुस**

हिमाली जिल्लामा हिमपात नभए पनि अत्यधिक चिसो बढेकाले सुरक्षित रहन आग्रह गरिएको छ। चिसो बढेसँगै जिल्ला प्रशासन मनाङले सूचना जारी गरी सुरक्षित रहन आग्रह गरेको छ।

जाडोयाममा चिसोबाट जोगिन न्यानो कपडा लगाउन तथा जोहो गर्न र हिमपात तथा अत्यधिक चिसोको समयमा घरबाहिर लामो समय नबस्न आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी सुप्रभा खनालले बताउनुभयो । उहाँका अनुसार हिमपातको समयमा न्यानो कपडा, सिरक, कम्बलजस्ता कपडाको प्रयोग गर्न अनुरोध गरिएको छ। हिमपातको समयमा चिसो बढ्ने तथा अत्यधिक हुरी/बतास चल्ने भएकाले न्यानो भएर बस्न सुझाव दिइएको उहाँले बताउनुभयो । हिमपातपश्चात् हिम पहिरा जान सक्ने भएकाले त्यस्ता सम्भावित जोखिमयुक्त क्षेत्रतर्फ नजान अनुरोध गरिएको छ। चिसोमा बालबालिका, वृद्धवृद्धा तथा गर्भवती महिलाको विशेष ध्यान राख्न र हिमपातको समयमा घरेलु पशुपन्छीलाई सकेसम्म बाहिर खुला नछाड्न सूचित गरिएको छ। पशुपन्छीलाई गोठ तथा टहरामा राखेर घाँस, पराल तथा दाना दिने व्यवस्था गर्न भनिएको छ।

चिसो मौसममा कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण बढ्न सक्ने हुँदा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न भनिएको छ। बिरामी परेमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा गई उपचारको पहुँचमा पुग्न सुझाव दिइएको प्रजिअ खनालले बताउनुभयो । उहाँका अनुसार घरपालुवा जनावर बिरामी भएमा नजिकैको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका पशु चिकित्सकलाई देखाएर उपचार गराउन अनुरोध गरिएको छ। होटल तथा कोठामा आगो, हिटर तथा गिजर प्रयोग गर्नुपर्दा पर्याप्त मात्रामा भेन्टिलेसनको व्यवस्था गर्न सूचनामार्फत जिल्लावासीलाई अनुरोध गरिएको छ। चिसो बढेसँगै हुनसक्ने जोखिम न्यूनीकरणका लागि पूर्वतयारी रहन जिल्लावासीमाझ अनुरोध गरिएको हो।

## सत्ता साझेदार दलको बैठक : सरकारको न्यूनतम साझा कार्यक्रमलाई पूर्णता दिने निर्णय

**रासस**
**काठमाडौं, २० पुस**

सत्ता साझेदार दलको बैठकले सरकारको न्यूनतम साझा कार्यक्रमलाई पूर्णता दिने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार साँझ बसेको बैठकले विशेष गरेर आम नागरिकसँग सरोकार राख्ने, जनताको मन छुनसक्ने, भ्रष्टाचार नियन्त्रण, जनजीविकाका सवाल तथा अन्य नीतिगत सवालमा केन्द्रित रहेर सरकारको न्यूनतम कार्यक्रम ल्याउने निर्णय गरेको हो । बैठकबारे पत्रकारलाई जानकारी दिँदै उपप्रधानमन्त्री एवं गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले भन्नुभयो, "बाहिर बाहिर मात्रै मन्त्रालय फुटाउने, बढाउने भन्ने सवाल आएको छ, तर त्यसबारेमा बैठकमा कहीँकतै पनि छलफल भएको छैन, यो कहाँबाट आयो हामीलाई थाहा छैन, त्यसतर्फ जाने कुनै तयारी पनि छैन।"

सरकारको न्यूनतम कार्यक्रम ल्याएर सरकारले संसद्बाट विश्वासको मत ल्याएपछि मात्रै मन्त्रिपरिषद् विस्तार हुने उपप्रधानमन्त्री लामिछानेले जानकारी दिनुभयो । बैठकमा सङ्घीय सरकारलाई पूर्णता दिने र प्रदेश सरकार गठनलगायत मुलुकको समसामयिक राजनीतिक र सामाजिक विषयमा समेत छलफल भएको थियो । उहाँले भन्नुभयो, "हामीले निर्देशन मात्रै दिएका छैनौँ, त्योसँगै योजना पनि बनाएका छौँ, त्यसको अपडेट पनि छ, निर्देशनसँगै विज्ञ टोलीसँग छलफल पनि गरिरहेका छौँ, तत्कालीन र दीर्घकालीन समाधान खोज्नेबारे पनि छलफल भइरहेको छ।"

## घरेलु तथा साना उद्योगलाई दिगो बनाउन जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**

घरेलु तथा साना उद्योग व्यवस्थित र दिगोरूपमा सञ्चालन गर्न आवश्यक भएको पोखरामा आयोजित एक कार्यक्रममा जोड दिइएको छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले घरेलु उद्योगलाई दिने अनुदान र उनीहरूलाई कसरी माथि उठाउने भन्नेबारेमा साना उद्योगीसँग मङ्गलबार गरेको अन्तर्क्रियामा सहभागी वक्ताले उक्त कुरामा जोड दिएका हुन्।

गण्डकी प्रदेश सरकारका मुख्यसचिव रविराज पन्तले साना व्यवसायीले आफ्नो उत्पादनलाई दिगो राख्न सके प्रदेश तथा केन्द्र सरकारबाट सहयोग प्राप्त हुने बताउनुभयो । गाउँका बाँझा जमिनलाई सदुपयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले पछिल्लो समय कृषि क्षेत्रमा समेत विदेशी लगानी भित्रिएकाले ती बाँझा जमिनमा आधुनिक कृषि प्रणाली लागू गर्न जरुरी भएको बताउनुभयो।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव तोयम रायले आन्तरिक उत्पादनलाई राज्यले संरक्षण गर्ने नीति ल्याएको बताउनुभयो । सबै किसानका उत्पादनलाई सङ्कलन गरी एकै ठाउँमा राखेर बजारीकरण गर्न सरकारले काम सुरु गर्न लागेको उहाँको भनाइ थियो।

प्रदेशस्थित अर्थ मन्त्रालयका सचिव विष्णुप्रसाद शर्माले प्रदेश सरकारले आम्दानीका स्रोतहरू वृद्धि गर्नका लागि यस क्षेत्रमा उत्पादन गर्न सकिने स्थान र स्थानीय पर्यटकीय तथा अन्य सम्भावनाका क्षेत्र पहिचान गर्न जरुरी भएको बताउनुभयो।

न े पा ल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष सञ्जीवबहादुर कोइरालाले व्यापार घाटालाई कसरी घटाउन सकिन्छ भन्ने विषयमा सरकारले सोच्न जरुरी भएको छ भन्नुभयो । कृषिमा अझै पनि आधुनिकीकरण हुन नसक्नु विडम्बना भएको बताउँदै उहाँले स्थानीय उत्पादनलाई प्राथामिकतामा राख्दै सरकार अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

## दमौलीमा सांस्कृतिक एवम् पर्यटन महोत्सव

**पोखरापत्र संवाददाता**
**दमौली, २० पुस**

नेपाल आदिवासी जनजाती महासङ्घ जिल्ला समन्वय परिषद्को आयोजनामा दमौलीमा पाँचौं आदिवासी जनजाती तनहुँ सांस्कृतिक एवम् पर्यटन महोत्सव हुँदैछ।

'अमूल्य भाषा संस्कृतिको संरक्षण गरौं, भाषा संस्कृतिको जगेर्ना गर्दै पर्यटनको विकास गरौं' भन्ने नाराका साथ यही पुस २२ देखि आगामी माघ ३ गतेसम्म महोत्सवको आयोजना गरिएको हो । महोत्सवस्थलमा दुई सय ३० कक्ष निर्माण गरिएका महोत्सवका प्रवक्ता नन्दु थापामगरले जानकारी दिनुभयो। तीन लाख दर्शकले महोत्सवको अवलोकन गर्नुका साथै रु एक करोडको आर्थिक कारोबार हुने लक्ष्य राखिएको छ।

महोत्सव विपी वनवाटिकाको खेल मैदानमा हुँदैछ। दर्शकलाई मनोरञ्जन दिनका लागि राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकार ल्याइने परिषद्का अध्यक्ष सुजित हिराचनले जानकारी दिनुभयो । कृषि प्रदर्शनीमा स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ । प्रदर्शनी कक्षमा घरेलु तथा हस्तकला, होटेल तथा रेस्टुरेन्ट, डेरी, आइटी इलेक्टिकल्स, बैङ्क तथा वित्तीय संस्था, आइसक्रिम स्टल, अटोमोबाइल्स, स्थानीय उत्पादन प्रदर्शन तथा बिक्री स्थललगायत रहने परिषद्का निवर्तमान अध्यक्ष बसुन्धरा घर्तीले बताउनुभयो।

महोत्सवमा ज्येष्ठ नागरिक र अपाङ्गता भएकाका लागि निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको छ । विद्यार्थीका लागि रु ५० र अन्यका लागि रु ७० टिकट शुल्क कायम गरिएको छ। स्थानीय भाषा, धर्म, कला र संस्कृतिको प्रवर्द्धनका साथै स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्ने लक्ष्य रहेको आयोजकले जनाएको छ।

महोत्सवमा मादी र सेतीमा जलविहार, आदिवासी जनजातीको जन्मदेखि मृत्युसम्मको संस्कारको प्रदर्शनी, जीवनशैली प्रस्तुति, नमुना घर निर्माण, सांस्कृतिक कार्यक्रम, विद्यालयस्तरीय प्रतिभा प्रस्फुटनलगायत आकर्षण रहेका छन्।

महोत्सवमा राष्ट्रिय कलाकारमा पशुपति शर्मा, खेम सेन्चुरी, राजु परियार, प्रीति आले, भूमिका गिरी, कला लम्साल, बद्री पङ्गेनी, सुप्रिम मल्ल, सम्झना लामिछाने मगर, आशा बिसी, सुमन परियार, सन्दिपसिं राना, अस्मिता डल्लाकोटीलगायत कलाकार आउने बताइएको छ।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**FEWA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.**
पोखरा-०५, जिरो कि. मि. फोन: ०६१-५७३३७५, ५७२२३६

**ऋणी सदस्यहरुलाई ऋण चुक्ता/भुक्तानी गर्ने सार्वजनीक सूचना**

प्रकाशित मिति: २०७९/०९/२१

यस संस्थाबाट केही ऋणी सदस्यहरुले विभिन्न शिर्षकमा लिनु भएको ऋण यस संस्थासँग गरेको कबुलियत र भुक्तानी तालिका बमोजिम तोकिएको समयसिमा भित्र ऋणको साँवा र ब्याज नतिरी–नबुझाइ बस्नु भएको र समय समयमा निजहरुलाई यस संस्थाबाट मौखिक र लिखित रुपमा संस्थाको सम्पूर्ण लेना रकम चुक्ता/भुक्तानी गर्न जानकारी गराउँदा समेत संस्थाबाट लिएको ऋणको साँवा र ब्याज चुक्ता/भुक्तानी नगरि शर्त कबुलियतको उल्लङ्घन गर्नु भएकोले तपाईहरुले ऋण चुक्ता / भुक्तानी गर्नको लागि यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । **यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा सम्पर्क राखि आफूले लिएको ऋणको सम्पूर्ण साावा ब्याज हर्जना र अन्य दै दस्तुर समेत बुझाइ ऋण चुक्ता फर्छ्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी धन जमानी कर्ता र सम्बन्धित हकवाला समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।** अन्यथा माथि उल्लेखित समय सिमाभित्र ऋणको सम्पूर्ण साँवा ब्याज हर्जना र अन्य दै दस्तुर समेत चुक्ता/ भुक्तान नगरेमा संस्थाको नियम र प्रचलित कानुन बमोजिम संस्थासँग भैरहेको लिखित अनुसार तथा ऋणीले दिइएको धितो सुरक्षण लिलाम गर्ने तपाई ऋणी र धनजमानी दिने व्यक्तिको ३ पुस्ते विवरण र फोटोसहित राष्ट्रिय दैनिक पत्रपत्रिकामा सार्वजनीक सूचना प्रकाशित गरिने व्यहोरा जानकारी गराइन्छ । साथै धितो तथा व्यक्तिगत धनजमानत कर्ताको लिलाम बिक्रीबाट प्राप्त भएको रकमले ऋण चुक्ता/भुक्तान नभएमा ऋणी तथा धनजमानी दिने व्यक्तिको एकाघर परिवारको चल अचल सम्पत्ति समेतबाट कानुन बमोजिम संस्थाको लेना रकम असुल उपर गरिने छ। साथै तोकिएको समयमा बुझाउनु पर्ने रकम नबुझाइएमा ऋणीको नाम र धनजमानीको नाम कालो सूचिमा समाबेश गरिने छ। साथै नियमित किस्ता साँवा व्याज नबुझाएका ऋणी सदस्यहरुलाई पनि यसै सूचना मार्फत सोही अवधीभित्र नियमित बुझाइदिनुहुन अनुरोध गरिन्छ।

**कर्जा विभाग**

# डिफेण्डिङ च्याम्पियन एपिएफलाई स्तब्ध पार्दै संकटा क्लव आहा रारा पोखरा गोल्ड कपको उपाधि नजिक

पोखरापत्र संवाददाता
पोखरा, २० पुस



डिफेण्डिङ च्याम्पियन शसस्त्र प्रहरी वलको एपिएफ क्लवलाई स्तब्ध पार्दै संकटा क्लव पोखरामा जारी २२ औ संस्करणको आहा ! रारा पोखरा गोल्डकप फुटवल प्रतियोगिताको उपाधि नजिक पुगेको छ।

पोखरा रंगशालामा बुधबार भएको पहिलो सेमिफाइनल खेलमा संकटाले डिफेण्डिङ च्याम्पियन एपिएफलाई ४-१ गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रबेश गरेको हो । संकटाको जितमा स्टेफेन र मेसुकीले समान दुई/दुई गोलको गर्दा एपिएफका हरि कार्कीले शान्त्वना गोल गरे। संकटाले खेलको सुरुवातमै गोल गरेर एपिएफलाई दबाबमा पार्यो । पाएका केही अवसर नै सदुपयोग गर्न नसक्दा आहा रारा पोखरा गोल्डकपमा यसपाली उपाधि जित्ने सपना एपिएफको अधुरै रहयो। एपिएफ यस अघि छैटौं संकरणमा फाइनलमा पुगेर उपविजेतामा चित्त बुझाएको थियो। खेलको पाँचौं मिनेटमा विपक्षि गोलरक्षक टेकेन्द्र सिंह थापा र डिफेन्स खेलाडी एन्ड्रीलाई विट गर्दै हल्का भलि गरी गोल गरे। खेलको ४३ औं मिनेटमा मिसीकोले स्टेफेनको पासमा गोल गरी टिमलाई २-० को अग्रता दिलाए । पहिलो हापमा २ गोलले अग्रता दिएको संकटाले दोश्रो हापमा पुनः दुई गोल गरी ४-१ को फराकिलो गोल अन्तरले जित निकालेको हो। खेलको ६१ औं मिनेटमा स्टेफेनले पुनः अर्को गोल थप्दा संकटाले ३ गोलको अग्रता दियो । उनले डिफेन्स खेलाडी र गोलरक्षकलाई विट गर्दै गोल गरेका हुन्। खेलको ७४ औं मिनेटमा अतिरिक्त खेलाडी हरी कार्कीले एपिएफको लागि शान्त्वना गोल गरे । उनले डि वक्स भित्र पाएको वललाई सिधै जालु चुमाएका हुन्। खेलको ८६ औं मिनेटमा मन बहादुर राना मगरको पासमा मेसुकीले गोल गरी एकल तर्फ आफ्नो नाममा दुई गोल गरे। संकटाका स्टेफेन म्यान अफ दी म्याच घोषित भए। पहिलो हापमा पुरापुरै संकटाको दबाबमा परेको एपिएफले दोश्रो हापमा केही सुधार गरे पनि युवराज खड्का, रिकु तामाङ, बुद्धिमान राई, सनिस श्रेष्ठले प्रहार गरेको वल सदुपयोग हुन सकेन।

उपाधिको लागि संकटाले भोलि(विहिबार) हुने दोश्रो सेमिफाइनल खेलको विजेता टोलीसंग पुष २३ गते फाइनल खेलमा प्रितिष्प्रर्धा गर्ने भएको छ । यसैबिच, विहिबार दोश्रो सेमिफाइनल खेलमा पाहुना टोली अमेरिकाको बिवाइएससीसंग चर्च ब्वाईज युनाइटेड बिच प्रतिष्प्रर्धा हुने भएको छ । सहारा क्लबको आयोजना तथा हिमश्री फुड्स प्रालिको उत्पादन आहा रारा चाउचाउको मुख्य प्रायोजनमा उक्त प्रतियोगिता जारी रहेको छ।



पोखरा ३ ,तेर्सापट्टीस्थित जलविनायक मन्दिरमा स्थानीय महिलाले दियो बाल्दै गरेको तस्बिर लिँदै विदेशी महिला पर्यटक। तस्बिरः जमुना वर्षा शर्मा, रासस

# 'अफ्रिकन स्वाइन फिभर' फैलन नदिन उच्च सतर्कता

पोखरापत्र संवाददाता
पर्वत, २० पुस

'अफ्रिकन स्वाइन फिभर' को सङ्क्रमणका कारण बङ्गुर मर्न थालेपछि उच्च सतर्कता अपनाउन थालिएको छ । पर्वतमा स्वाइन फिभरको सङ्क्रमण भित्रिन नदिन बङ्गुर आयात-निर्यातमा रोक लगाइएको हो।

काठमाडौँ, पोखरा, म्याग्दी र बागलुङमा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमणबाट ठूलो सङ्ख्यामा बङ्गुर मरेका छन् । भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र पर्वतका अनुसार छिमेकी जिल्लामा सङ्क्रमण देखिएपछि पर्वतका व्यावसायिक कृषकलाई भेला गराएर जैविक सुरक्षाका उपाय अलवम्बन गर्न आग्रह गरिएको छ। सङ्क्रमण फैलन नदिनका लागि केही औषधिसमेत वितरण गरिएको विज्ञ केन्द्रका प्रमुख रामजी पौडेलले जानकारी दिनुभयो।

जिल्लामा अहिलेसम्म सङ्क्रमण भने देखिएको छैन। पौडेलका अनुसार कृषकलाई मासु उपभोग गर्न योग्य बङ्गुर काटेर चिस्यान केद्रमा राख्नसमेत आग्रह गरिएको छ। सङ्क्रमण फैलिनुभन्दा पहिलै स्वास्थ बङ्गुर काटेर चिस्यान केन्द्रमा फ्रिजिङ गर्न भनिए पनि पर्याप्त कोल्ड रुम नहुँदा समस्या भएको छ। यसका लागि स्थानीय तहलाई समेत आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको केन्द्र प्रमुख पौडेलले जानकारी दिनुभयो। केन्द्रका प्रमुख पौडेलले अफ्रिकन स्वाइन फिभरले मान्छेमा कुनै असर भने नगर्ने बताउनुभयो। बङ्गुर प्रजातिमा मात्र देखिने यो रोगको कुनै उपचार नरहेको पशु चिकित्सकले बताएका छन्। यो रोगको पूर्ण उपचार नभए पनि छ-छ महिनामा बङ्गुरलाई खोप लगाएर न्यूनीकरण गर्न सकिने केन्द्रका प्रमुख पौडेलको भनाइ छ।

समयमै नियन्त्रणमा सतर्कता नअपनाए यो रोगबाट ठूलो क्षति व्यहोर्नुपर्ने भएकाले पनि कृषक र सम्बन्धित स्थानीय तहहरूले तदारुकता देखाउनुपर्ने उहाँको भनाइ छ। जिल्लाभित्र बङ्गुरपालन गर्ने क्षेत्रमा रोगको नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम आवश्यक रहेको बङ्गुरपालक कृषकको भनाइ छ । पछिल्लो समय अधिकांश क्षेत्रमा सङ्क्रमण देखिएकाले रोगको शङ्का लागेका पशुलाई बथानबाट अलग्गै राखी समयमै जानकारी दिन र मरेको जनावरलाई खाडलमा पुर्ने, होटेल तथा रेष्टुराँबाट निस्केको मासु वा मासुजन्य खाद्य पदार्थबाट टाढा राख्न भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्रले आग्रह गरेको छ । पर्वतमा व्यावसायिकरुपमा बङ्गुरपालन गर्ने कृषक वा फार्मको सङ्ख्या ६० देखि ७० वटा रहेका छन् । केही कृषकले निर्वाहमुखी रुपमा समेत बङ्गुरपालन व्यवसाय सञ्चालन गर्दै आएका छन् । जिल्लामा झण्डै दुई हजार छ सयको सङ्ख्यामा बङ्गुर रहेको अनुमान छ।

# सिद्ध पब्लिक कलेज, नयाँगाउँमा नब आगन्तुक विद्यार्थीलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, २० पुस




पोखरा-१५, नयाँगाउँमा रहेको सिद्ध पब्लिक कलेजले नव आगन्तुक विद्यार्थीहरुलाई स्वागत कार्यक्रम मंगलबार सम्पन्न गरेको छ।

क्याम्पस व्यवस्थान समितिका अध्यक्ष युवा पण्डित भागवत् भाष्कर कमल नयन गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विविएस प्रथप बर्षमा नयाँ भर्ना भएका विद्यार्थीहरुलाई स्वागत गरिएको क्याम्पस प्रमुख भिमराज पुनले जानकारी दिनुभयो। क्याम्पस स्थापनाकालिन समयका तदर्थ समितिका अध्यक्ष एवं समाजसेवी भेषराज गौतमको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै गौतमले समुदाय स्तरबाट सञ्चालित गैर नाफामुलक क्याम्पसले समुदायको हितलाई नै केन्द्रमा राखेर आगामी दिनहरुमा थप गुणस्तरीय शिक्षामा जोड दिंदै जाने बताउनुभयो।

सो अवसरमा पोखरा महानगरपालिका वडा नम्बर १५ का वडा अध्यक्ष तोरण बहादुर बानियाँले सिद्ध पब्लिक कलेज वडा भित्रको एकमात्र सामुदायिक कलेज भएको हुनाले यसलाई शैक्षिक एवं भौतिकरुपमा अब्बल बनाउन वडाकातर्फबाट निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा कलेज प्रमुख पुनले सिद्ध पब्लिक कलेजलाई प्राविधिक शिक्षातर्फ जोड दिने आफूहरुको योजना रहेको बताउनुभयो । कार्यक्रममा श्री सिद्ध माविका पूर्व प्रधानाध्यापक तथा कलेजका सिनेटर सदस्य शंकर ज्ञवालीले मुक्तक मार्फत कलेजबाट प्राप्त हुनसक्ने सकारात्क उर्जाका बारेमा दर्शाउनुभएको थियो।

यसैगरी कार्यक्रममा स्थानीय प्रतिभा टोल आमा समुहकी अध्यक्ष भगवती खड्काले क्याम्पसलाई समुदायको सँधै साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । विद्यार्थीद्धय अस्मिता गौतम र सोनी पुनले सञ्चालन गरेको कार्यक्रममा विविएस चौथो बर्षकी सञ्चिता भट्टले स्वागत मन्तव्य राख्नुभएको थियो भने पूर्व विद्यार्थीकातर्फ एलिसा विक र नव आगन्तुक विद्यार्थीकातर्फबाट विविएस प्रथमबर्षकी रेणु रानाले मन्तव्य राख्नुका साथै विद्यार्थीहरु ज्ञानु राई, आशा पुन, सृजना लम्साल, सजना प्रजा, निमा नेपाली, निर्जला मल्ल र आरोही थापा मगरले विभिन्न गीतहरुमा नृत्य प्रस्तुत गरेको कलेज प्रमुख भिमराज पुनले जानकारी दिनुभयो । यस्तै कार्यक्रमका अवसरमा कलेजका नयाँ सिनेटर सदस्यहरुलाई कलेजका अध्यक्ष युवा पण्डित कमल नयन गौतम, प्रमुख अतिथी भेषराज गौतम एवं कलेज प्रमुख भिमराज पुनले संयुक्तरुपमा कलेज सिनेटरको प्रमाणपत्र वितरण गर्नुभएको थियो। नयाँ सिनेटर सदस्यहरुमा तोयनाथ सिग्देल, गुमादेवी बानियाँ, दल बहादुर सुनार, फ्रयाङ्कलिन एजुकेसन कन्सल्टेन्सी, रेणु थापा, शिव गौतम, गोविन्द गौतम, लक्ष्मी गौतम, डिलमाया थापा र निर्मल गिरी रहनुभएको छ । यससँगै कलेजमा हालसम्म १६४ जना सिनेटर सदस्यहरु रहनुभएको छ । सो अवसरमा क्याम्पसका पुर्व सञ्चालक समितिका सदस्य शकमान सदाशंकर, कृष्ण बहादुर थापा, हरि बहादुर थापा, गोविन्द बहादुर थापा र टोप बहादुर थापालाई सम्मान गरिएको थियो। यस्तै यसै शैक्षिक सत्रदेखि कलेजसँग आवद्ध रहनुभएका प्राध्यापक द्धय थपनारायण चापागाईं र आनन्द अधिकारीलाई कलेजकातर्फबाट स्वागत गरिएको थियो।

कार्यक्रमको अध्यक्षता गरिरहनुभएको युवा पण्डित भागवत भाष्कर कमल नयन गौतमले विद्या भनेको सबैभन्दा श्रेष्ठ धन भएकोले यो धन आर्जनका लागि विद्यार्थी समेत उत्सुक भईरहनुपर्ने र यसको सहज वातावपरण निर्माणका लागि सिद्ध पब्लिक कलेजमा आवद्ध प्राध्यापक, कलेजका व्यवस्थापक र कलेजसँग हरेक ढंगबाट जोडिनुभएका सबैको सकारात्मक भूमिका रहनुपर्नेमा जोड दिंदै कार्यक्रमको समापन गर्नुभयो।

# पोखरा रिसर्च र कृर्षिमा सरोकार विच बैठक

पोखरापत्र संवाददाता
पोखरा, २० पुस



पोखरा रिसर्च सेन्टरले पोखरा महानगरपालिकाको कृषि ऐन २०७७ सँग सम्बधित सरोकारवालाहरु सँग मंगलवार परामर्श बैठक गरेको छ।

महानगरपालिकाको कृषि तथा पशु विकास महाशाखासँगको सहकार्यमा बैठक गरेको हो । कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, महानगरपालिका कृषि तथा पशु विकास महाशाखा, कृषि सञ्जाल, कृषि बजार, लगायत सम्पूर्ण कृषि क्षेत्रमा सरोकार राख्ने २५ भन्दा बढी व्यक्ति सहभागी रेहेको थियो। महानगरपालिकाले कृषकहरुको संरक्षण र प्रवर्द्धन, कृषि तथा पशुपन्छी उत्पादन, आधुनिकीकरण,व्यावसायीकरण, प्रशोधन, भण्डारण, कृषि उत्पादन र बजार व्यवस्थापन प्रविधि र प्रवर्द्धन गर्ने उदेश्यले पारित ऐनको अनुसन्धनात्मक पृष्ठभूमिमा टेकेर नीतिगत पैरवी हुनुका साथै कृषिमा विज्ञ राख्ने उपस्थित व्यक्तित्वहरुबाट सम्बधित नीति सुधारको निम्ति सिफारिस र सुझाव बैठकमा प्रस्तुत भएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# कांग्रेसको दोषारोपण

नेपाली काङ्ग्रेस सबैभन्दा ठूलो दल हुँदा पनि सत्ता गुमाएको आरोप सभापति शेरबहादुर देउवाले खेप्नुपरेको छ । काङ्ग्रेस महामन्त्री द्वय गगन थापा र विश्व प्रकाश शर्मा सहित संस्थापन इतर पक्षले सभापति देउवाको सत्ता लोलुपताको कारण मुखमा आएको सत्ता गुमेको छासभापति देउवा पक्ष दोष माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डलाई दिने गरेका छन । काङ्ग्रेसमा विवाद बढ्न नदिन सभापति देउवा पक्ष आफूहरू फेरि सत्तामा आउने प्रचार गर्न थालेका छन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिने समय नपर्खंदै काङ्ग्रेस नेताहरूको अभिव्यक्ति अधैर्य र अस्थिरता निम्त्याउने खालको छ ।

सरकार गठन भएको १५ दिन नपुग्दै बुधबार कांग्रेस केन्द्रीय कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता महतले विचलित हुने कुरा नभएको बताए । सत्ता गुमाएपछि सभापति देउवाको भनाइ के छ भन्ने प्रश्नमा महतले भने, 'सभापतिजीले हामीले गठबन्धन अगाडि बढ्छ भन्ने विश्वास गरेका थियौं । कहिलेकाहीं आकलन गरे जस्तो अगाडि बढ्दैन, यस्तो खाले परिस्थित आयो भन्ने गर्नुभएको छ भन्ने विचार ल्याएका छन ।' यसबाट विचलित हुने कुरा छैन । हामी फेरि आउनेछौं हामी फेरि 'स्ट्रोड' भएर आउनेछौं । भनी कार्यकर्ताको मनोवल बढाउन खोजेका छन ।

सत्ता गुमाएपछि पहिलो पटक कांग्रेसले पत्रकार सम्मेलन गरेर आफ्नो धारणा सार्वजनिक गरेको छ । गठबन्धन भत्कनुमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल नै दोषी रहेको काङ्ग्रेस प्रबक्ता महतको जिकिर यथार्थ होइन । सबै महत्वपूर्ण पद आफैंले लिने सत्ता लिप्साका कारण गठबन्धन कायम नहुनु हो । जसले छोडेर जान्छ, उही जिम्मेवार हुन्छ, भन्ने आरोपमा सत्यता नभएको काङ्ग्रेसका नेताहरू बताउने गर्छन । गठबन्धन विश्वास अनुसार काम नहुनु बढी सिट जित्ने बित्तिकै सहमति तोड्ने काङ्ग्रेसको चरित्र हो ।

चुनाव अघि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई पहिलो चरणमा प्रधानमन्त्री दिने सहमति गरेका देउवाले कांग्रेस केन्द्रीय कार्यसमितिबाट आफ्नै नेतृत्वमा सरकार गठन गर्ने निर्णय गराएका थिए । 'केन्द्रीय कार्यसमितिको निर्णय विपरीत प्रचण्डजीकै नेतृत्वमा सरकार गठन गर्ने निर्णय गरिएको भए पनि आलोचना हुन्थ्यो, भन्ने महतको भनाइ' ८९ सीट जितेको दम्भ हो ।

प्रतिनिधि सभामा कांग्रेसका ८९, जिते पनि बहुमत थिएन । नेकपा (एमाले)का ७८, माओवादीका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राष्ट्रिय प्रजातन्त्र पार्टीका १४, जनता समाजवादी पार्टीका १२, जनमत पार्टीका ६ नागरिक उन्मुक्ति पार्टीका चार र तीन स्वतन्त्र सांसदको समर्थनमा प्रचण्ड प्रधानमन्त्री भएका हुन । पौष २६ गते विश्वासको मत लिएपछि सतही बजार हल्ला हट्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# युआरएल विरौटा अध्यक्षमा बिमला



पोखरापत्र संवाददाता
पोखरा, २० पुस

युआरएल विरौटाको अध्यक्षमा विमला भण्डारी चुनिएकी छन् । मंगलबार भएको युआरएल विरौटा डायग्नोस्टिक प्रालिका सेयर लगानीकर्ताको भेलाले भण्डारीको अध्यक्षतामा सञ्चालक समिति चुनेको हो ।

उपाध्यक्षमा शिवबहादुर थापा र सचिवमा शशिधर पौडेल छन् । सदस्यमा सूर्य पौडेल, गीता लामिछाने, कृष्णप्रसाद ढकाल र सन्दीप अर्याल छन् भने पदेन सदस्यमा युआरएल ग्रुपका अध्यक्ष ठाकुरप्रसाद पन्त र प्रवन्ध निर्देशक गणेशप्रसाद कोइराला छन् ।

युआरएल विरौटाले गएको मंसिर २३ गतेबाट सेवा आरम्भ गरेको हो । गण्डकी प्रदेशकै पहिलो र लोकप्रिय रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरीले अहिले मुख्य कार्यालयसहित १० शाखा, ४ सेवा केन्द्र र ४ कलेक्सन सेन्टरबाट सेवा दिइरहेको छ । डेढ करोड लगानीमा पोखरा १७ र आसपासका सेवाग्राहीलाई लक्षित गरी शाखा सञ्चालन गरिएको हो । सेवा सुरुआतको अवसरमा पुस महिनाभर मधुमेह जाँच सित्तैमा र अरु सबै प्रकारका परीक्षणमा ३० प्रतिशत छुट दिइएको छ ।

युआरएल ग्रुपका अध्यक्ष पन्तले गण्डकी प्रदेशवासीलाई स्थानीय रुपमा अत्याधुनिक ल्याब सेवा प्रदान गर्न लागिपरेको बताए । उनले युआरएल फाउन्डेसनमार्फत सामाजिक उत्तरदायित्वका कामलाई निरन्तरता दिइने बताए ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३, कास्की कुलायन मार्गमा कल्भर्ट निर्माण गर्नको लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : कुलायन मार्ग कल्भर्ट निर्माण, पोखरा १३, कास्की
उपभोक्ता समिति: कुलायन मार्ग कल्भर्ट निर्माण समिति, पोखरा १३
सम्झौता सुरु मिति : २०७९/०८/१० गते
योजना सम्पन्न मिति : २०७९/१०/३० गते
योजनाको कुल लागत : रु. ८,२३, ५२९/-
महानगरपालिकाबाट प्राप्त : रु. ७,००,०००/-
जनश्रमदान : रु.१,२३,५२९/-

**विष्णु प्रसाद बराल**
अध्यक्ष
**कुलायन मार्ग कल्भर्ट निर्माण समिति**
पोखरा-१३, कास्की

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १२ मा बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**
**योजनाको नामः सफा मार्ग बाटो ढलान निर्माण उपभोक्ता समिति**
**स्थानः पोखरा-१२, सफा मार्ग, कास्की**
**योजना सुरु भएको मिति : २०७९/०८/२० गते**
**योजना सम्पन्न हुने मितिः २०७९/०९/२० गते**
**योजनाको कुल लागत : रु. १४,००,००० ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,५०,००० ।-**
**जन सहभागितावाट : रु.३,५०,००० ।-**
**उपभोक्ता समिति अध्यक्षः होमनाथ पौडेल**
**मोवाईल नं. ९८६६०१०६५१**
**उपभोक्ता समिति सदस्य संख्याः ११ जना, महिलाः ५ जना**

**सफा मार्ग बाटो ढलान निर्माण उपभोक्ता समिति**
**पोखरा-१२**

## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

**पोखराबाट लेखनाथ जाने क्रममा मिति २०७९ मंसिर ८ गते मेरो निम्न व्यहोरा भएको स्नातक तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।**
**नाम : अमृत ढकाल**
**ठेगाना : आँधीखोला गाउँपालिका-६, स्याङ्‌जा**
**रजिष्ट्रेशन नं. : २०१२ -२-०३-१३७०**
**परीक्षा रोल नं. : १३०३१९६६**
**तह : स्नातक, संकाय : व्यवस्थापन**
**कार्यक्रम : बि.बि.ए**
**क्याम्पस : ला ग्राण्डी इन्टरनेशनल कलेज**
**सम्पर्क नं. : ९८४६५८४७५१**


# मुक्तिनाथ बैंक अमरसिंह शाखाले मनायो '१६ औं वार्षिकोत्सव'

पोखरापत्र संवाददाता
पोखरा, २० पुस



मुक्तिनाथ विकास बैंक अमर सिंह शाखाले १६ औं वार्षिकोत्सव मनाएको छ ।

पोखरा महानगरपालिका १० अमरसिंहचोक स्थित रहेको शाखा कार्यालयमै बुधबार औपचारिक कार्यक्रम आयोजना गर्दै वार्षिकोत्सव मनाएको हो । कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका मुक्तिनाथ विकास बैंकका गण्डकी प्रदेश प्रमुख शंकर केसी तथा विशेष सेवाग्राहीहरु प्रकाश लामा, मोहन प्रसाद ढकाल, देवेन्द्र कुमार गुरुङ र कमल बहादुर बाँनियाले सँयुक्त रुपमा केक काटेर वार्षिकोत्सवको अवसरमा शुभकामना आदानप्रदान गरे । सो अवसरमा बोल्दै मुक्तिनाथ विकास बैंकका गण्डकी प्रदेश प्रमुख शंकर केसीले आगामी दिनमा सेवाग्राहीको मागलाई मध्यनजर गर्दै बैंकको सेवा तथा सुविधाहरु बिस्तार गर्ने योजना रहेको धारणा राखेका थिए । यस्तै सेवाग्राहीहरुले नागरिक तथा सेवाग्राहीको अपेक्षालाई मध्यनजर गर्दै सेवाहरु बढाउनुपर्ने आग्रह गरेका थिए । सो कार्यक्रममा सेवाग्राहीहरुसँग बैंकले आगामी दिनमा ल्याउनुपर्ने योजनाको बारेमासमेत अन्तरक्रिया गरिएको थियो । मुक्तिनाथ विकास बैंक अमरसिंह शाखासँगै पोखरा महानगरपालिका ९ नागढुङ्गा शाखाले रक्तदान कार्यक्रमको आयोजना गर्दै १६ औं वार्षिकोत्सव मनाएको थियो । 'जनता बैंकमा होइन, बैंक जनतामा जानुपर्छ' भन्ने नारासहित बैंकिङ तथा वित्तिय क्षेत्रमा क्रियाशिल मुक्तिनाथ विकास बैंकको केन्द्रीय कार्यालय काठमाडौंको कमलादीमा रहेको छ । सो बैंकले पछिल्लो समय देशभरका १ सय ७८ वटा शाखाहरुबाट आफ्नो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ । मुक्तिनाथ विकास बैंक अमरसिंह शाखा प्रमुख अशोक लामाको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन कर्जा प्रमुख नुर बहादुर गुरुङले गरेका थिए ।

# कालीगण्डकी नदीमा नियमित र्‍याफ्टिङ सञ्चालन

पोखरापत्र संवाददाता
बेनी, २० पुस

म्याग्दीको सदरमुकाम बेनी हुँदै बग्ने कालीगण्डकी नदीमा जलयात्राका लागि र्‍याफ्टिङ सञ्चालन गरिएको छ । जलयात्राको सम्भावना उजागर गर्दै पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यले बेनी नगरपालिका-९ गलेश्वरधामबाट सदरमुकाम बेनीको दोभान हुँदै मालढुङ्गा-नयाँ पुल भएर मिर्मी पुग्न सकिने गरी र्‍याफ्टिङ सञ्चालन गरिएको हो ।

कालीपुलमा गण्डकी होटलका सञ्चालक गम पुनको पहल र सक्रियतामा स्पलास नेपाल एडभान्चरले मङ्गलवारदेखि औपचारिकरूपमा नियमित र्‍याफ्टिङ सञ्चालन गरेको हो । पहिलो दिन गलेश्वरबाट बेनीसम्मको करिब तीन किलोमिटर दूरीमा गरिएको जलयात्रा सफल भएको व्यवसायी पुनले बताउनुभयो । "हिउँदयाममा नियमितरूपमै सञ्चालन गर्ने गरी र्‍याफ्टिङ सुरुआत गरेका छौं, निकट भविष्यमा बेनीमा सञ्चालन हुने म्याग्दी महोत्सवले यसलाई थप प्रवर्द्धन गर्ने हाम्रो अपेक्षा छ, कम्तीमा गलेश्वरबाट बेनीसम्म नियमितरूपमै र्‍याफ्टिङ सञ्चालन गर्ने हाम्रो जमर्को रहेको छ", उहाँले भन्नुभयो । कालीगण्डकी नदीमा र्‍याफ्टिङ सञ्चालनमा आएसँगै जिल्लाका विभिन्न पर्यटकीयस्थलको भ्रमणमा आएका र बेनी हुँदै हिमालपारिको जिल्ला मुस्ताङको भ्रमणमा आउने पर्यटकलाई समेत आकर्षण गरेको छ । र्‍याफ्टिङका लागि उत्तम मानिने कालीगण्डकी नदीको जलयात्राका साथै पहाडी भूगोल र तटीय क्षेत्रका बस्तीको अवलोकनले थप रोमाञ्चक गराउने भएकाले पर्यटकको आगमन बढ्ने स्पलास नेपाल एडभान्चरका गाइड सन्तोष गिरीले बताउनुभयो । कालीगण्डकी नदीमा राम्रो सम्भावना भएकाले जेठ महिनासम्म जलयात्रा सञ्चालनलाई निरन्तरता दिने तयारी गरिएको छ । पर्वतको नयाँ पुलबाट विगत १४ वर्षदेखि र्‍याफ्टिङ गर्दै आउनुभएका स्पलास नेपाल एडभान्चरका गाइड होम पुनले गलेश्वरबाट बेनीसम्मको करिब तीन किलोमिटर दूरीको जलयात्रामा पनि जोखिम कम र रोमाञ्चक बढी हुने भएकाले नियमित र्‍याफ्टिङ सञ्चालनको सम्भावना बढिरहेको बताउनुभयो । गलेश्वरबाट सुरु भई बेनी, पर्वतको मालढुङ्गा हुँदै नयाँ पुलसम्म जलयात्राको सम्भावनालाई उजागर गर्न कालीगण्डकीमा जलयात्रा सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । गलेश्वरबाट बेनीको खुलामञ्चसम्म करिब तीन किलोमिटरको जलयात्राका लागि रु एक हजार दुई सय शुल्क तोकिएको छ । यसमा यात्रुहरूलाई खाजाको समेत बन्दोबस्त मिलाइएको छ ।


## बिमालेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्न लिखित ठेगानामा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं।

| नाम | बीमालेख नं |
|---|---|
| १। रानी रितिका थापा | ०००११४५ |
| २। सुदिप बास्तोला | ०६१००१०८२० |

**गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
क्षेत्रीय कार्यालय पोखरा, ०६१-५२४४५०

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १२ मा मुल पानी व्यवस्थापन कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**
**योजनाको नामः झक झके मूल विपद व्यवस्थापन समिति**
**स्थानः फुलबारी शान्ति पथ, पोखरा-१२**
**योजना सुरु भएको मिति : २०७९/०९/०५ गते**
**योजना सम्पन्न मितिः २०७९/०९/१९ गते**
**योजनाको कुल लागत : रु. १,००,००० ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. १,००,००० ।-**
**उपभोक्ता समिति अध्यक्षः सुनिता बराल**
**मोवाईल नं. ९८४६०३६२५०**
**उपभोक्ता समिति सदस्य संख्याः ७ जना, महिलाः ३ जना**

**झक झके मूल विपद व्यवस्थापन समिति**
**पोखरा-१२**

प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०८/१५

यस कार्यालयबाट मिति २०७७/१०/२८ मा कास्की जिल्ला पोखरा ३१ मा संचालन गर्ने गरि पोखरा ३१ कास्की निवासी पिमाली विश्वकर्माको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १९२३०/०७७/०७८ को भौरी होटल एण्ड रेष्टुरेण्ट नामक फर्मका प्रोपराईटर श्री पिमाली विश्वकर्माले मिति २०७९/०८/१५ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# एसइईमा उत्कृष्ट अंक ल्याउने १३ विद्यार्थीले पाए चार लाख भत्ता

**पोखरापत्र संवाददाता**
**पर्वत, २० पुस**

कुश्मा नगरपालिकाले नगरभित्रका १३ विद्यार्थीका लागि छात्रवृत्तिस्वरूप झण्डै रु चार लाख वितरण गरेको छ।

आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा समावेश भएको ‘ नगरप्रमुखसँग विद्यार्थी पहिचान कार्यक्रम’अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति दिइएको हो । नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत कुमानसिंह गुरुङका अनुसार विसं २०७८ को एसइई परीक्षामा सामुदायिक विद्यालयबाट तीनदशमलव६५ वा सोभन्दा माथिको जिपिए प्राप्त गरेका विद्यार्थीलाई उक्त रकम उपलब्ध गराइएको हो।

अध्ययनमा अब्बल रहेका विद्यार्थीलाई प्रोत्साहन तथा कक्षा १२ सम्म सघाउनका लागि मासिक रु दुई हजार पाँच सयका दरले एक वर्षको रकम दिइएको थियो । योसँगै प्रतिविद्यार्थी रु ३० हजारका दरले कुल रु तीन लाख ९० हजार निकासा दिइएको उहाँले बताउनुभयो।

यो सुविधा पाउनका लागि कुश्मा नगरपालिकामा रहेका १८ वटा माध्यमिक विद्यालयबाट एसइई परीक्षामा सहभागी भएको हुनुपर्ने शर्त राखिएको थियो । सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै गइरहेकाले विद्यार्थी सङ्ख्या बढाउन कुश्मा नगरपालिकाका सामुदायिक विद्यालयबाट एसइईमा उक्त जिपिए ल्याएका विद्यार्थीलाई मात्रै सुविधा दिइएको हो।

“सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई सहयोग पुगोस्, उसको अध्ययनमा थप प्रेरणा मिलोस् भनेर यो कार्यक्रम स्वीकृत गरिएकाले सोहीअनुसार कार्यान्वयन गरेका हौँ । यसले सामुदायिक विद्यालयमा अध्ययन गर्नका लागि पनि विद्यार्थीलाई प्रेरणा दिने छ”, अधिकृत गुरुङले भन्नुभयो, “वर्षमा रु ३० हजार आउनु पनि विद्यार्थीका लागि राम्रो हो। कुश्मा नगरपालिकाका १८ माविबाहेक अन्यत्रबाट उत्तीर्ण भएकाको हकमा यो कार्यक्रम लागू भएको छैन। रकम थोरै भए पनि उनीहरूको थप अध्ययनमा यसले सघाउ पुग्ने छ।”

नगरसभाबाट पारित भएको उक्त कार्यक्रम नगरको चालु वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन भएसँगै लागू भएको नगरप्रमुख रामचन्द्र जोशीले बताउनुभयो। सामुदायिक विद्यालयबाट एसइई परीक्षामा समावेश हुने कतिपय विद्यार्थी गरिब तथा विपन्न अवस्थाका हुने भएकाले सामुदायिक विद्यालयका लागिमात्रै कार्यक्रम लागू गरिएको उहाँको भनाइ थियो। यस्तो भत्ता एसइई पास भएर कक्षा १२ को पढाइ नसकिने बेलासम्म दिइने तथा कक्षा ११ बाट उत्तीर्ण हुन नसके छात्रवृत्ति भत्ता कटौती हुने गरी कार्यविधि बनाइएको पनि नगरप्रमुख जोशीले बताउनुभयो।

नगरपालिकाको शिक्षा शाखा प्रमुख विष्णुप्रसाद तिवारीका अनुसार छात्रवृत्ति प्राप्त गर्ने १३मध्ये ११ जना सदरमुकाम कुश्माबजारमा रहेको नमूना विद्यालय नारायण माध्यमिक विद्यालयका अभिषेक लामिछाने, आविष्कार पौडेल, सौगात लामिछाने, मुन्दीप भुसाल, केबलकिशोर बाँस्तोला, सागरप्रसाद शर्मा, मानव पोखरेल, प्राची श्रेष्ठ, प्रशन्न श्रेष्ठ, निशा आचार्य र आशिष आचार्य हुन् । यस्तै हिमालय माध्यमिक विद्यालयका रविन सुनाम र शिवालय माध्यमिक विद्यालय कुश्माका सुप्रिम पौडेलले पनि छात्रवृत्ति पाएका छन्।

# एगा पोखराको मैत्रीपूर्ण बनभोज

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**

इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन(एगा) पोखराको आयोजनामा बुधबार पर्यटन व्यवसायीबीच मैत्रीपूर्ण बनभोज सम्पन्न भएको छ।

पर्यटन व्यवसायीबीच भाइचारा अभिबृद्धि एवम् व्यवसायिक एकता कायम गर्ने उद्देश्यका साथ कास्कीको लियाडेस्थित १४ माइल रिसोर्टमा मैत्रीपूर्ण बनभोज गरिएको कार्यक्रम संयोजक एवम् एगा पोखराका उपाध्यक्ष गोकर्ण लम्सालले जानकारी दिनुभयो। उहाँका अनुसार मैत्रीपूर्ण बनभोज कार्यक्रममा एगासम्बद्ध पर्यटन व्यवसायीसँगै पोखरामा कृयाशिल विभिन्न पर्यटनसम्बद्ध संघसंस्थाका पदाधिकारी एवम् सञ्चारकर्मीको उपस्थिति थियो । एगा पोखराका अध्यक्ष इन्द्रप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष बेदप्रसाद पाण्डे, पूर्व अध्यक्षहरू कृष्णकुमार श्रेष्ठ, जीवनाथ गौतम, पुष्कलबहादुर थापा, निवर्तमान अध्यक्ष विश्वराज पोखरेल, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रबन्धक नविन पोखरेल, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल, पोखरा पर्यटन परिषद्का बरिष्ठ उपाध्यक्ष कृष्ण भण्डारी, टान गण्डकीका अध्यक्ष धर्म पन्थी, भिटोफ गण्डकीका अध्यक्ष उदय सुवेदी, हान पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, एनटिभिए गण्डकीका अध्यक्ष बाबुराम पाण्डे, टेसा पोखराका अध्यक्ष नारायण सापाकोटा, ओटेफका अध्यक्ष पार्वती पाण्डे, टेवानका अध्यक्ष कमला गिरी, पोखरा पंछी समाजका अध्यक्ष मनशान्त घिमिरे, नेपाल पर्वतारोहण संघ गण्डकीका अध्यक्ष शेषकान्त शर्मा, मनिचेन्जर एशोसिएसनका अध्यक्ष रुपक मिश्र लगायतको उपस्थिति थियो।

इम्ब्रोइडरी र गार्मेन्ट्सका माध्यमबाट पर्यटनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउँदै आएका व्यवसायी २०६२ सालमा संगठित बन्दै एगा पोखराको स्थापना गरेको पूर्व अध्यक्ष कृष्णकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार संस्थामा हाल ७५ जना व्यवसायी आवद्ध छन् । संस्थाले व्यवसायिक अभिबृद्धिका साथै सामाजिक सेवाका क्षेत्रमा पनि विभिन्न कामहरू गर्द आएको उहाँले बताउनुभयो।

# पोखरा महोत्सवमा स्वरोजगार तालिम प्रदान गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**

एघारौं पोखरा महोत्सवमा स्वरोजगार तालिम प्रदान गरिने भएको छ।

आगमी पुषको २७ देखि माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौं संस्करणको पोखरा महोत्सवमा विशेष गरी पिछडिएका, जनजाति र एकल महिलाहरुलाई लक्षित गरी स्वरोजगार तालिम प्रदान गर्न लागिएको हो। महोत्सव अवधिभर सञ्चालन हुने तालिममा जाडो यामलाई लक्षित गरी स्वीटर, मोजा, टोपी, गलबन्दी, पञ्जा लगायतका सामाग्रीहरु निर्माण सम्बन्धी तालिम प्रदान गरिने एघारौं पोखरा महोत्सव हस्तकला ब्यवस्थापन उपसमिति संयोजक सबिता श्रेष्ठ रञ्जितले जानकारी दिइन। श्रेष्ठका अनुसार प्राविधिक शिक्षालय (सिटीइभिटी) को प्राविधीक सहयोगमा २० जना लाई उक्त तालिम दिइने छ । महोत्सव अवधिभर १२ दिन तालिम प्रदान गरिने र स्वरोजगार हुन चाहनेहरुलाई दुई महिने निशुल्क तालिम समेत प्रदान गरिने वताइन । तालिममा सहभागी हुन चाहनेहरुले पुष २५ भित्र युनाईटेड क्लवको कार्यालयमा सम्पर्क गर्न समेत संयाजक श्रेष्ठले आग्रह गरेकी छिन।

# म्याग्देमा दश शैयाको अस्पताल बन्दै

**पोखरापत्र संवाददाता**
**दमौली, २० पुस**

तनहुँको म्याग्दे गाउँपालिकामा निर्माणाधीन १० शैयाको अस्पतालको काम ५० प्रतिशत सकिएको छ।

म्याग्दे गाउँपालिका-४ मा निर्माणाधीन १० शय्याको आधारभूत अस्पताल भवन निर्माणको काम आधा सकिएको हो। विसं २०७८ जेठ २ गतेदेखि निर्माण सुरु भएको अस्पताल भवनको काम तीव्रगतिमा अगाडि बढिरहेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । भवन निर्माणको ठेक्का ऋषि शक्ति/होम निर्माण जेभी कम्पनीले पाएको छ । उक्त भवन विसं २०८० जेठ १० गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख छ । कुल लागत रु १० करोड ५० लाख ४२ हजार दुई सय ७५ रहेकामा बोलपत्रमार्फत रु सात करोड ३४ लाख ५० हजार एक सय ९६ मा ठेक्का लागेको हो । हरेक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने सङ्घीय सरकारको निर्णयबमोजिम अस्पताल निर्माणको काम अगाडि बढेको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । अस्पतालमा एक मेडिकल अधिकृत, एक नर्सिङ अधिकृत, चार स्टाफ नर्स, चार एचए, दुई फार्मेसीलगायत २३ जनाको दरबन्दी रहनेछ । अस्पताल निर्माण सम्पन्न भएपछि म्याग्दे गाउँपालिकावासीलाई आधारभूत तहको स्वास्थ्य सेवामा पहुँच पुग्ने विश्वास लिइएको छ । “मानव जीवनको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको स्वास्थ्य हो, स्वास्थ्य सेवाको सहज पहुँच नहुँदा म्याग्देवासी समस्यामा परेको सन्दर्भमा यो अस्पतालको सुरुआतसँगै जटिल प्रकारको सेवा सञ्चालनमा जोड दिनेछौँ”, अध्यक्ष श्रेष्ठले भन्नुभयो।

# बीस पर्यटकीयस्थलमा पूर्वाधार निर्माण योजना

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २० पुस**

गण्डकी प्रदेश सरकारले यहाँका २० पर्यटकीयस्थलमा पूर्वाधार निर्माणका लागि चालू आर्थिक वर्ष २०७९/८० मा योजना छनोट गरेको छ।

प्रदेश सरकारअन्तर्गतको पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले पर्यटन तथा उद्योग कार्यालयमार्फत कार्यान्वयन हुने ती योजनाका लागि रु एक करोड ७६ लाख बजेट विनियोजन गरेको हो।

कार्यालय प्रमुख पोषानाथ शर्माले पर्यटकीयस्थलमा पदमार्ग, उद्यान, रेलिङ, भवनलगायत पूर्वाधार निर्माणका लागि छनोट भएका योजनाको कार्यान्वयन प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । “स्थानीय तह र वडा कार्यालयसँग समन्वय गरेर उपभोक्ता समिति गठन, प्राविधिक लागत अनुमान तयार पार्ने काम भइरहेको छ”, उहाँले भन्नुभयो, “पाँच योजनाको उपभोक्ता समितिले सम्झौता गरेर निर्माणको काम थालेका छन्।”

रु पाँच/पाँच लाख बजेट विनियोजन गरिएको बेनीको ब्रह्मकुमारी विश्वविद्यालय तथा राजयोग प्रशिक्षण केन्द्र, गलेश्वर मन्दिर-काउलेगौडा पदमार्ग, कन्थराजको थान र फूलपातीदेखि ज्यामरुककोट मन्दिर, मालिका गाउँपालिकाको कुकुरखोरिया-दुरलेकको मेला जाने पदमार्ग र रु सात लाख विनियोजन भएको रघुगङ्गा-३ गायत्री मन्दिरमा उद्यान निर्माण योजनाको काम सुरु भएको छ।

अन्नपूर्ण गाउँपालिकाको नारच्याङ झरना रेलिङ, तातोपानी कुण्डमा पर्यटकीय पूर्वाधार, सुकेधारा-सुवा पदमार्ग र अन्धगल्छी-रुप्से छहरा-भूमे मन्दिर पदमार्ग निर्माणका लागि रु १०/१० लाख विनियोजन गरिएको छ।


## Pokhara Metropolitan City
## Office of Municipal Executive
### Newroad, Pokhara

## NOTICE OF INTENT

**Date of Publication 2079/09/21 (5th January 2023)**

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contract as per the IFB Notice published on different dates on National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the Contract.

| SN | Name of Project | Contract Identification No | Name of Successful Bidders | Bid Amount (Excluding VAT & PS), NRs | IFB Notice Publication dates |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Shivalaye Marga (Package II), PMC - 08 | 34/PMC/NCB/W/079-080 (IFB No: 10.3/PMC/079-080) | Panchamul Nirman Sewa, Pokhara | 43,09,086.00 | 31th Ashoj 2079 |
| 2 | Upgrading of Masbar Pokhari to Nuwarthok Road, PMC - 07 | 36/PMC/NCB/W/079-80 (IFB No: 10.5/PMC/079-080) | Arav Construction, Pokhara | 30,96,731.20 | 31th Ashoj 2079 |
| 3 | Resealing of different Roads of PMC - 08 | 37/PMC/NCB/W/079-80 (IFB No: 10.6/PMC/079-080) | TBR Construction, Pokhara | 26,03,466.10 | 31th Ashoj 2079 |
| 4 | Drain and Foot Track Construction at Ratna Chowk to Milan Park, PMC - 07 | 38/PMC/NCB/W/079-80 (IFB No: 11.1/PMC/079-080) | Horizon Builders, Pokhara | 16,94,441.98 | 1st Kartik 2079 |

**Chief Administrative Officer**



## श्री सञ्जवनी बहुउद्देश्यीय सहकारी सं. लि.
### आँधीखोला गा.पा.-५, सेतीदोभान बजार, स्याङ्जा

## सम्पत्ति बिक्री सम्बन्धी बोलपत्र आब्हान गरेको सूचना

**(प्रकाशित मिति २०७९ पौष २१)**

यस संस्थाको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ, जे जस्तो अबस्थामा छ सोही अबस्थामा गोप्य शिलबन्दीद्वारा बिक्री गरिने भएको हुँदा इच्छुक ब्यक्ति,फार्म तथा कम्पनीबाट आफूले के कति मूल्य तिरी लिने हो सो मूल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस सहकारी संस्थाको कायालयबाट उपलब्ध बोलपत्र फाराम भरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आब्हान गरिएको छ।

**तपसिल**

**सम्पत्तिको विवरण :**
श्री सञ्जीवनी बहुउद्देश्यीय सहकारी सं. लि. आँधीखोला गा.पा.-५, सेतीदोभान बजार, स्याङ्जाको नाममा मालपोत कार्यालय,स्याङ्जाको लगतमा दर्ता श्रेस्ता कायम रहेको स्याङ्जा जिल्ला आँधीखोला गा.पा.-५, सेतीदोभान बजार स्थित कित्ता नं. १३९४ को क्षेत्रफल ०-२-३-१(रोपनी) को घर जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापत समेत।

सम्पत्तिको बिक्री मूल्य : न्यूनतम खरिद मूल्य रु.१४,७५,०००/- अक्षेरुपी चौध लाख पचहत्तर हजार रुपैयाँ मात्र वा सो भन्दा बढी खरिद मूल्य राखी बोल पत्र पेश गर्न सकिनेछ।

**सम्पत्तिको बिक्रीका शर्तहरु :**

१) बोलपत्र आवेदन फाराम २०७९ पौष २१ गतेदेखि संस्थाको कार्यालय आँधीखोला गा.पा.-५,सेतीदोभान बजार, स्याङ्जाबाट प्राप्त गर्न सकिनेछ।
२) बोलपत्र दाताले बोलपत्र आवेदन साथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको दस प्रतिशतले हुने रकम यस संस्थाको एन.आई. सी एसिया बैक लि., कृषि शाखा स्याङ्जामा रहेको खाता नं. N441051987952401 मा नगद दाखिला गरेको सक्कल भौचर वा यस संस्थाको नाममा खिचिएको A/c Payee Cheque संलग्न गर्नु पर्नेछ।
३) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता रहेको संगठित संस्था/फर्म/कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक ब्यक्ति भएमा पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाण पत्रको प्रतिलिपि तथा संगठित संस्था /फर्म/कम्पनी भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय,दर्ता प्रमाण पत्रको प्रतिलिपि,स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
४) शिलबन्दी बोलपत्र मिति २०७९ माघ ५ गते कार्यालय समय भित्र संस्थाको कार्यालयमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघी आएका वा रीत नपुगेका वा शर्त राखी दिएका आवेदन उपर कारबाही हुने छैन।
५) शिलबन्दी बोलपत्र मिति २०७९ माघ ६ गते दिउँसो २:०० बजे यस संस्थाको कार्यालयमा बोलपत्रदाता वा निजले लिखित रुपले नियुक्त गरेको प्रतिनिधि तथा अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खोलेको दिनमा सो बोल पत्र खोलिनेछ।
६) बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले पन्ध्र दिनभित्र यस सहकारी संस्थामा दाखिल गरी उक्त सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने शुल्क तथा नामसारी गर्न लाग्ने सम्पूर्ण राजस्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
७) तोकिएको समय भित्र बाँकी रकम दाखिल नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएका प्रस्तावहरुको धरौटी रकम बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस कार्यालयबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
८) उक्त सम्पत्ति बिक्री सम्बन्धी अन्य निर्णय गर्ने सम्पूर्ण अधिकार सञ्चालक समितिमा रहनेछ।
९) बोलपत्र सम्बन्धमा केही कुरा बुझ्नु पर्ने भएमा यस संस्थाको कार्यालय आँधीखोला गा.पा.-५, सेतीदोभान बजार, स्याङ्जामा वा मोवाइल नं. ९८४६०५९३१९ /९८१६६४००११ मा सम्पर्क गर्न सकिनेछ।